आज मिति २०७५।१२।११ गतेका दिन यस च्यौदण्डीगढी नगरपा०
नगर प्रमुख श्री खगेन्द्र राई ज्यूको अध्यक्षतामा नगर बोर्डको
नियमित बैठक तपसिलको उपस्थितिमा बसियो ।

तपसिल उपस्थिति

१. श्री खगेन्द्र राई - नगर प्रमुख
२. श्री रिता कुमारी चौधरी - उपप्रमुख
३. श्री रोहितमान तामाङ - अध्यक्ष वडा नं. १
४. श्री सन्तोष सुवेदी - " २
५. श्री परशुराम राई - " ३
६. श्री चरन कुमार राई - " ४
७. श्री देव नारायण चौधरी - " ५
८. श्री कमलध्वज राई - " ६
९. श्री तेजराज तिम्सिना - " ७
१०. श्री श्याम कुमार मगर - " ८
११. श्री प्रकाश राउत - " ९
१२. श्री राम कुमार खड्का - " १०
१३. श्री देवी कुमारी कार्की - नगर का० स०
१४. श्री जानुका कमर - "
१५. श्री मदन कुमारी कार्की - "
१६. श्री विमला राई - "
१७. श्री डोमा शेर्पा - "
१८. श्री अस्मिता नेपाली - "
१९. श्री प्रमिला दनुवार - "
२०. श्री सुन्दर प्रकाश साह - "
२१. श्री शिव प्रसाद डुमरगाई - प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावहरु

(१) सीवाई पुल र लामाखोला पुलको डोलकेशन ओ्रौ सम्बन्धमा ।
(२) विद्यालय गुणपारिक्षण प्रतिवेदन सम्बन्धमा ।
(३) योग शिवीर संचालन सम्बन्धमा ।
(४) नागरिकता शिविरको खर्च भुक्तानी सम्बन्धमा ।

(५) पर्यटन प्रवर्द्धन तथा प्रचार प्रसारको लागि सम्भाव्यता अध्ययनबारे
(६) आर्थिक सहयोग सम्बन्धमा ।
(७) आवलागी सहयोग सम्बन्धमा ।
८, जनजाति तर्फको कार्यक्रम सम्बन्धमा ।
९, सडक बोर्ड नेपालको योजनाको ठेक्का प्रकाशन बारे ।
१०, डि.पि.आर सम्बन्धमा ।

## छलफल तथा निर्णयहरु

नि.नं.१ प्रस्ताव नं.१ माथि छलफल गर्दा यस न.पा.को वडा नं.२ र ६को सिमानामा पर्ने लामाखोलामा पुल नभएको कारण वर्षायामको करिब ४महिना उक्त खोलाको कारण सर्पदंश, डेलिभरी, एम्बुलेन्स दमकल जस्ता अत्यावश्यक सवारीहरु समेत संचालन नहुने भएको कारण यस न.पा.को शतिहाई जनताहरु अत्यन्त मारमा परेको हुँदा उक्त खोलामा तत्काल पुल निर्माणको व्यवस्थाको लागि सम्बन्धीत मन्त्रालयमा डेलीगेशन जाने साथै हालकोलागी तत्काल बेलीब्रिज स्थापनाकोलागि समेत माग गर्ने निर्णय गरियो । साथै वडा नं. ५ सिवाईमा निर्माणाधिन पुलको निर्माण कार्य अत्यन्त सुस्त भएकोले सोको बारेमा समेत सम्बन्धित मन्त्रालयमा डेलिगेशन जाने निर्णय गरियो ।

नि.नं.२ प्रस्ताव नं. २माथि छलफल गर्दा विद्यालय गुण परिक्षण कार्यालयबाट खटिई आउनु भएका पर्यवेक्षकहरुले यस न.पा. भित्रका सबै (१३वटा) मा.वि.हरुको सम्बन्धमा मिति २०७५।१२।१८ प्रतिवेदन पेश गर्ने कार्यक्रम रहेको हुँदा उक्त दिन सबै वडा अध्यक्ष ज्यूहरु, सबै मा.वि.का प्र.अ. र वि.व्य.स. अध्यक्षहरु बिहान ११ बजे नगरपालिका मिटिङहलमा उपस्थित हुने निर्णय गरियो ।

नि.नं.३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा योग विज्ञान शिविर संचालन तथा व्यवस्थापन समिति वडा नं-३,४,७ हडियाको माग बमोजिम योग शिविर संचालनको लागि नपा० को खेलकुद तर्फको रकम बाट रु-१००,०००।- एकलाख उपलब्ध गराउने निर्णय गरियो।

नि.नं.४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस न.पा.को अनुरोधमा जिल्ला प्रशासन कार्यालय उदयपुरको टोली बाट यस न.पा.को वडा नं. १,२,८ मा शीविर संचालन गर्दा भएको दुवै वडा तथा हाल्ने बासको खर्च रकम अनुमोदन सहित भुक्तानी दिने निर्णय गरियो।

नि.नं.५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस न.पा.को पर्यटन प्रवर्द्धन तथा साँस्कृति, प्रकृतिक सम्पदाहरुको प्रचार प्रसारको लागि अध्ययन अनुसन्धान तथा डकुमेन्ट्री तयारी गर्ने को लागि सम्बन्धीत फर्म तथा व्यक्तिहरु बाट दररेट माग गरि आवश्यक काम गर्ने निर्णय गरियो। साथै उक्त कार्यको लागि यस नपा०को एफ.एम तथा सूचना प्रकाशन व्यवस्थापन शीर्षक बाट रु. १६०,०००।- रकम उपलब्ध गराउने निर्णय गरियो।

नि.नं.६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा नपाका विभिन्न वडा बाट औषधी उपचारको लागि आर्थिक सहयोग सिफारिस भई आएको हुँदा तपसिल बमोजिम आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

तपसिल

१. जनक बहादुर बस्नेत वडा नं. ६ मुटुरोगी रु. २०,०००।
२, राजेन्द्र गुरुङ वडा नं. ३ अन्य रोगी रु.
३, धन बहादुर महत वडा नं. ६ मुटुरोगी रु. २०,०००।
४, साजिना बस्नेत वडा नं. ६ मुटुरोगी रु. २०,०००।
५, दिपा कावरा वडा नं. ६ मुटुरोगी रु. २०,०००।
~~६, [illegible] वडा नं. ६ मुटुरोगी रु. [illegible]~~
६, मिना कुमारी परियार वडा नं. ४ (स्पाइनल इन्जुरी) रु. २०,०००।

Now

नि.नं.६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस न.पा.को वडा नं. ६ बस्ने खगेन्द्र पौंलागाईको गुवालीमा मिति २०७२।११।२८ गते दिनको १:३० बजे अचानक आगलागी भई १ थान भैंसीको पाडा सहीत पूर्ण क्षति भएको हुँदा राहत स्वरूप निजलाई रु. ५०,०००।- पचास हजार उपलब्ध गराउने निर्णय गरियो ।

नि.नं.८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस न.पा.को नगर स्तरीय आदिवासी जनजाति वर्गको संयोजक विमला राईको अध्यक्षतामा मिति २०७२।१२।८ गते बैठक बसि ~~यस~~ जनजाति तर्फको रकम बाट न.पा.का १० वटै वडा बाट २/२ जना लाई क्याक्टर चलाउने तालिम संचालन गर्ने निर्णय भई आएको हुँदा उक्त निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

नि.नं.९ प्रस्ताव नं. ९ माथि छलफल गर्दा सडक बोर्ड नेपाल बाट चालु आ.व.मा यस नपा. क्षेत्रमा तपसिलका योजनाहरु संचालन गर्ने स्वीकृत भई आएको हुँदा उक्त योजना संचालनको लागि खुल्ला बोलपत्र आव्हान गर्ने निर्णय गरियो ।

तपसिल

१. भिमटोल, भित्तेरीटोल, मकनडाँडा देखी कुशुमचौरी ~~सम्म~~ सडक ग्राबेल/माटे ।

२. माहेरवाडी, माडिबास, गंगटे देखी बुधबारे सम्मको सडक ग्राभेल/माटे ।

नि.नं.१० प्रस्ताव नं. १० माथि छलफल गर्दा यस न.पा.को त्रियुगा खोला हडिया ज्यामिरेको ~~डिपि~~ पुल तथा सबै वडाका मुख्य सडकहरुको मुख्य बाटोहरुको डि.पि.आर गर्न विनियोजित बजेटबाट सबै वडा बाट वडा अध्यक्ष ज्यूहरुले प्राथमिकता गरि बाटो तोकि पठाएको विवरण अनुसार १/१ वटा बाटो अनिवार्य पर्ने गरि डि.पि.आर गर्ने साथै त्रियुगा ज्यामिरे पुल लगायत न.पा.का अत्यावश्यक स्थानहरुमा पुल निर्माणको लागि सडक तथा पुलको छुट्टाछुट्टै गरी

N. 1084

२ भागमा विभाजन गरी डि०पि०आर तयार गर्ने निर्णय गरियो ।